मिति २०८०/६/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. शितगंगा मिनरल्र्स प्रा.लि.भुन्टेडाडा केसर तथा खानी सम्बन्धमा।
२. प्राथमिक स्वास्थ्य केन्द्र ठाडा मर्मत सम्बन्धमा ।
३. आन्तरिक आयको विषयमा सम्बन्धित पालिका विच छलफल सम्बन्धमा ।
४. रोयल्टी व्यवस्थापन सम्बन्धमा ।
५. तीजगीत प्रतियोगिताको खर्च सम्बन्धमा ।
६. तीन पाङग्रे टेम्पो संचालन सम्बन्धमा ।
७. आईइइ गर्ने सम्बन्धमा ।
८. जेष्ठ नागरिक मिलन केन्द्र प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
९. राष्ट्रिय परिचय पत्र सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

नगरकार्यपालिकाको कार्यालय, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको भुन्टेडाँडामा शितगंगा मिनरल्र्स प्रा.लि.मार्फत संचालित केसर उद्योगले सोही स्थानको आफ्नो जग्गामा खानी संचालन गर्नको लागि खानी विभागमा माइनिङ्ग स्कीम सहित सिफारिस माग गरेकोले सो सन्दर्भमा थप अध्ययन र कानुनी परामर्श गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको पुरानो भवन जिर्णभई पानीपर्दा छतबाट पानी चुहिएर विरामी राख्ने कोठाहरुमा पानी डुवान भएकोले उक्त पानी चुहिने कार्य रोकथाम र सोही प्राथमिक स्वास्थ्य केन्द्रको गेटमा ढलान बाटोको तलबाट पानीले खोली दुर्घटना हुन सक्ने जोखिम पूर्ण अवस्था रहेको हुँदा संरक्षणको लागि जाली लगाउने कार्य गर्नु पर्ने भएकोले उक्त दुवै कार्यको लागत अनुमान तयार गरी इविडको माध्यमबाट विपद् कोषमा रहेको रकमबाट तत्काल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आन्तरिक आयको मुख्य श्रोत खोला तथा नदिहरु भएको र उक्त खोला तथा नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको सन्दर्भमा विभिन्न पालिकाहरुसँग छलफल गरी आगामी दिनमा विवाद रहित तरिकाले कार्य गर्न गढवा गा.पा./राप्ती गा.पा. सँग सोही क्षेत्रमा र शिवराज, बुद्धभुमी, बाणगंगा न.पा. सँग यस नगरपालिकामा समन्वय बैठक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को १२ को (७) मा सडक निर्माण वा विस्तारको कममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अवस्थामा त्यस्तो सामाग्रीको

प्रमुख प्रशासकीय अधिकृत

परीमाणका आधारमा लाग्ने विकी मुल्य बापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिने छ भन्ने व्यवस्था गरेको र जिल्ला समन्वय समितिमा भएको सवै पालिकाका प्रमुख सहितको बैठकबाट समेत एकरुपता कायम गरी सवै पालिकाले रोयल्टी लिने भन्ने निर्णय गरेकोले यस नगरपालिका क्षेत्र भित्र सवै निकायबाट निर्माण तथा स्तरोन्नती हुने सडकमा स्थानीय रुपमा (खरिद गरेको बाहेक) प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्रीको नियमानुसारको रोयल्टी रकम लिई प्रयोग गर्ने व्यवस्था मिलाउने र तारजाली भर्ने लगायतको विकास निर्माणको कार्यमा प्रयोग हुने स्थानीय ढुङ्गा, गिट्टी बालुवा समेत (खरिद गरेको बाहेक) रोयल्टी रकम लिई प्रयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाली नारीहरुको महान चार्ड तीजको उपलक्ष्यमा उपयुक्त समय मिलाई नगरपालिकाले सवै वडाहरुबाट एक/एक समूह सहभागि हुने गरी तीजगीत प्रतियोगिता संचालन गर्ने र सो कार्यक्रमको खर्च प्रस्ताव बनाई आगामी कार्यपालिका बैठकमा पेश गर्ने भनि निर्णय भएकोमा उक्त अनुसार रु १८२५००।- को खर्च प्रस्ताव तयार गरी कार्यक्रम समेत सम्पन्न भई सकेकोले उक्त अनुसार भएको खर्चलाई समर्थन गर्दै चालु आ.व.को विभिन्न संस्कृती संरक्षण शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विष्णु प्रसाद पौडेल लगायतका ६ जनाले लंका यातायातको चाक्ला हर्रे र भेडामारे सिमलपानी सडक रुटमा तीन पाङग्रे टेम्पो संचालनको लागि रुट प्रमिट उपलब्ध गराई दिन भन्ने व्यहोराको पत्र संलग्न राखी ६ वटा तीन पाङग्रे टेम्पो संचालनको लागि नगर क्षेत्रभित्र रुट प्रमिट उपलब्ध गराई दिन भनि निवेदन साथ कागजात पेश गरेको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम रुट प्रमिट प्रदान गर्ने सन्दर्भमा विधायन समितिले सो सम्बन्धि कार्यविधि बनाई आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ मा निर्माण हुने अवस्थामा रहेको थाप्लेवारी औद्योगिक ग्राम निर्माणको लागि वजेट विनियोजन भएको अवस्थामा उक्त शिनपा १३ थाप्लेवारी औद्योगिक क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण (आईइइ) कार्य गर्नु पर्ने भएकोले उक्त कार्यको आईइइ र तपशिलका खोलाहरुको आईइइ गर्ने निर्णय गरियो ।

***तपशिल***

(क) मुसियान खोला शिनपा १३
(ख) सुकवेल खोला, शिनपा ११
(ग) वहवेल गन्धैला खोला शिनपा ११
(घ) सुरही गनेरी खोला शिनपा ११

(ङ) चोर खोला शिनपा ११
(च) सिलिङ्ग खोला शिनपा ८ र ९

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरवार काठमाण्डौंको जेष्ठ नागरिक मिलनकेन्द्र तथा दिवा सेवा केन्द्र स्थापना तथा संचालन अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस नगरपालिकामा रहेको वडा नं. ३ र वडा नं. १३ को जेष्ठ नागरिक मिलनकेन्द्रको समपुरकमा कार्यक्रम संचालन गर्न प्रस्ताव तयार गरी पेश गर्ने । साथै प्रस्ताव स्वीकृत भई कार्यक्रम संचालन भएमा आगामी दिनमा नगरपालिकाले संचालन गर्ने प्रतिबद्धता समेत जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाका सवै वडाहरुमा राष्ट्रिय परिचय पत्र इन्ट्री तथा वितरणको कार्य हुन लागेकोमा सो कार्यको लागि खटिइ आउने टोलिलाई मात्र कार्य सुरु देखि कार्य सम्पन्न हुने दिन सम्मको प्रति दिन प्रति व्यक्ति खाना, बास, खाजा बापत रु ३०० सम्मको खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत